श्री ५ को सरकार

## भूमिसुधार कृषि तथा खाद्य मन्त्रालयको

## सूचना

जग्गा प्राप्ती ऐन, २०१८ को दफा ७ को उप–दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले फलोद्यान विभाग अन्तर्गत मकवानपुर जिल्ला अन्तर्गत दामनमा आलु विकाशको लागि देहायबमोजिमको जग्गा प्राप्त गर्ने निर्णय गरेकोले सम्बन्धित जग्गा धनीले जग्गाको मोल र अरू नोक्सानी बापत यस एनबमोजिम क्षतिपूर्ती पाउने हुँदा यो सूचना प्रकाशितगरिएको छ ।

नारायणी अञ्चल मकवानपुर जिल्ला मकवानपुर माल अन्तर्गत कालीबजार मौजाको पूर्व कागजी खोल्सा पश्चिम र उत्तर सिं खोला र बागबानी केन्द्रको जग्गा, दक्षिण खोला डाँडा र सिं डाँडा यति ४ किल्ला भित्रको जम्मा मालपोत रू. २३७।८७ लाग्ने ८।।ऽ।।।४ (८ बिगाहा १५ कट्ठा १९ धुर) को घर जग्गा कित्ता – – – –१

आज्ञाले–
भोगेन्द्रनाथ रिमाल
श्री ५ को सरकारको का. मु. सचिव ।

श्री ५ को सरकार

## भूमिसुधार कृषि तथा खाद्य मन्त्रालयको

## सूचना

भूमि सम्बन्धी ऐन, २०२१ को दफा ५७ र भूमि सम्बन्धी नियमहरू, २०२१ को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले निम्नलिखित आदेश जारी गरेको छ .–

भूमि सम्बन्धी ऐन, २०२१ को दफा २४ बमोजिम को भूमिसुधार अधिकारीको अधिकार प्रयोग गर्न पाउने गरी देहायको क्षेत्रमा देहायका मितिदेखि देहायका अधिकृतहरूलाई सोही ऐनको दफा २४ क. बमोजिम कामसमेत गर्ने गरी तोकिएको छ ।

(क) बाँके बर्दिया तथा कैलाली जिल्लाहरूमा मिति २०२५।६।१०।३ देखि सो काम नसिद्धिए सम्मका लागि यसै मन्त्रालयका कानून सल्लाहकार श्री केशवप्रसाद मुडभरी ।

(ख) झापा जिल्लामा मिति २०२५।६।१०।३ देखि सो काम नसिद्धिएसम्मको लागि भूमिसुधार बिभागका भूमिसुधार अधिकारी बासुपासा ।

आज्ञाले–
कृष्ण बममल्ल
श्री ५ को सरकारको सचिव ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
२०६